म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १२१ २०८१ चैत ९ गते शनिबार 22 March 2025, saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## तामाकोसीमा डुबेर एकजनाको मृत्यु

हेटौँडा : दोलखा जिल्लाको बिगु गाउँपालिका-२, जगतमा तामाकोसी खोलामा डुबेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बिगु-२, ओराङका १७ वर्षीय प्रविण तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। बिहीबार दिउँसो २ बजेर ५० मिनेटको समयमा तामाकोसी खोलामा पौडी खेल्ने क्रममा डुबेर तामाङको मृत्यु भएको प्रहरीले जनाएको छ। मुचुल्का पश्चात पोष्टमार्टमका लागि पशुपति चौलागाई स्मृति अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

# बालमैत्री हेटौंडामा भेटिए पाँच बालश्रमिक



*बालश्रमिकसँग कुराकानी गर्नुहुँदै बालहेल्पलाइनकी अधिकृत सम्झना अधिकारी।*

**समाज संवाददाता**

हेटौंडाः बालमैत्री घोषणा भएको हेटौंडा उपमहानगरपालिकामा बालश्रमिक भेटिएका छन्। उपमहानगरपालिका भित्रका होटल, ग्यारेज र फर्निचर उद्योगमा अनुगमनको क्रममा ५ बालश्रमिक भेटिएका हुन्।

हेटौंडा उपमहानगरपालिका, श्रम तथा रोजगार कार्यालय हेटौंडा, बाल हेल्पलाइन मकवानपुरले शुक्रबार गरेको संयुक्त अनुगमनको क्रममा ५ जना बालश्रमिक भेटिएका छन्। अनुगमन टोलीले दुई बालश्रमिकलाई उद्धारसमेत गरेको छ।

हेटौंडा-१० स्थित चुरियामाई फर्निचर उद्योगबाट अन्दाजी १६ वर्षीय र अटो मोटर ब्याट्री वर्कशपबाट अन्दाजी १७ वर्षीय बालश्रमिकलाई उद्धार गरी बाल हेल्पलाइन मकवानपुरको संरक्षणमा राखिएको छ। अनुगमनकै क्रममा एक जना बालश्रमिक फरार भएकाले उद्धार गर्न नसकिएको बताइएको छ। हेटौंडा-१० स्थित महालक्ष्मी इन्जिनियरिङ वर्कशपमा कार्यरत १७ वर्षीय बालश्रमिक अनुगमन टोली पुग्नेवित्तिकै भागेका हुन्।

अनुगमनका क्रममा फेला परेका दुई जना बालश्रमिकलाई उद्दार गरिएको छैन। मकालु टायर रिसोलिङ, आयुव डेन्टिङ वर्कशप, मनकामना मोटर पार्टस् एण्ड हार्डवेयरलगायतमा अनुगमन गरिएको थियो। अनुगमनका क्रममा बालश्रमिकलाई पारिश्रमिक नदिई काममा मात्र लगाउने गरेको पाइएको बताइएको छ।

बालश्रमिकका अभिभावकलाई झिकाई रोजगारदातालाई कानुनी दायरमा ल्याउने जनाइएको छ। हेटौंडा-११ स्थित जयश मोटरसाइकल एण्ड अटो वर्कशपमा पनि १६ वर्षीय बालश्रमिक भेटिएका छन्। हेटौंडा-११ कै नाममा नखुलेको एक ग्यारेजमा पनि बालश्रमिक भेटिएका छन्। ती दुई बालश्रमिकलाई भने उद्दार गरिएको छैन।

अनुगमनमा हेटौंडा उपमहानगर पालिकाको महिला तथा बालबालिका महाशाखाकी निर्देशक विष्णुकुमारी लामिछाने, श्रम तथा रोजगार कार्यालयका कार्यकारी प्रमुख रुद्रनारायण शाह, बाल हेल्पलाइन मकवानपुरका प्रबन्धक झबिन्द्र ज्ञवालीसहित प्रहरी र पत्रकारको टोलीको सहभागिता थियो।

# अस्पतालमा प्रदेश स्वास्थ्य मन्त्री थापाको छड्के



*अस्पताल अनुगमनका क्रममा स्वास्थ्यकर्मीसँग कुराकानी गर्नुहुँदै मन्त्री थापा।*

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले चितवन जिल्लाको रत्ननगर नगरपालिकास्थित बकुलहर रत्ननगर अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा छड्के अनुगमन गर्नुभएको छ। शुक्रबार मन्त्री थापाले स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतम र चिकित्सा महाशाखा प्रमुख डा. खगेश्वर गेलालसहित बकुलहर रत्ननगर अस्पताल र आयुर्वेद अस्पतालको आकस्मिक अनुगमन गर्नुभएको हो।

मन्त्री थापाले अनुगमनका क्रममा अस्पतालहरुको सेवा प्रवाह, उपलब्ध स्रोत-साधन तथा संरचनाको अवस्थाबारे जानकारी लिनुभएको थियो। अनुगमनपछि मन्त्री थापाले अस्पतालले आफ्नो क्षमता भन्दा बढी बिरामीको चाप भए पनि सेवा दिइरहेको बताउनुभयो। नागरिकलाई सहज स्वासथ्य सेवा प्रदानमा अस्पतालले कमजोरी गर्न नहुने उहाँले बताउनुभयो।

'हामी सेवाका क्रममा कुनै कन्जुस्याइँ गर्दैनौं। प्राथमिकता अनुसार बजेट समावेश गरेर अस्पताललाई थप सहयोग गर्नेछौं', मन्त्री थापाले भन्नुभयो, 'स्वास्थ्य मन्त्रालयले अस्पतालका समस्या समाधानका लागि मार्गनिर्देश गर्ने, आवश्यक आर्थिक तथा भौतिक सहयोग प्रदान गर्नेछ। चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका समस्या हल गरी प्रोत्साहन गर्ने सरकारको योजना रहेको छ।'

उहाँले डाक्टर तथा स्वास्थ्यकर्मीलाई एप्रोन र परिचयपत्र अनिवार्य रुपमा लगाउन निर्देशन दिनुभएको छ। अस्पताल व्यवस्थापन तथा नागरिकलाई सहज र गुणस्तरीय सेवा प्रदान गर्न गम्भिरताका साथ ध्यान दिनुपर्ने उहाँको भनाई छ। मन्त्री थापाले अनुगमनलाई नियमित बनाउने र सेवा विस्तारलाई आवश्यक अध्ययनसहित अघि बढाउने स्पष्ट पार्नुभयो। आँखा सेवामा सुधार गर्दै अन्य आँखा अस्पतालहरुसँग समन्वय गरी १३ वटा अस्पतालमा सेवा विस्तार गर्ने योजना बनाइने उहाँले जानकारी दिनुभयो।

बकुलहर रत्ननगर अस्पतालमा ग्रामीण भेगका सेवाग्राहीको चाप बढी रहेकाले सेवाको गुणस्तर कम हुन नदिने मन्त्री थापाले प्रतिवद्धता व्यक्त गर्नुभएको छ। अस्पताल व्यवस्थापनलाई बिरामीहरुको सुविधाका लागि प्रभावकारी योजना बनाउन उहाँले निर्देशन दिनुभयो। मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले प्रदेश सरकारको ध्यान स्वास्थ्य सेवा सुदृढीकरणमा रहेकाले आगामी दिनमा अस्पतालको सेवा प्रवाह थप गुणस्तरीय बनाउने बताउनुभयो। अनुगमन टोलीले अस्पताल भवनको निर्माण कार्य समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई ताकेता गर्ने उहाँले बताउनुभयो।

# राष्ट्रिय हक्की प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा



**समाज संवाददाता**

हेटौंडा : हेटौंडामा जारी हेटौंडा कप राष्ट्रिय हक्की प्रतियोगितामा पुरुषतर्फको सेमीफाइनल समीकरण पूरा भएको छ। मकवानपुर जिल्ला हक्की संघको आयोजनामा शुक्रबार हेटौंडा-४ स्थित हुप्रचौरमा क्वार्टरफाइनल चरणको खेलहरु सम्पन्न भएसँगै सेमीफाइनल समीकरण पूरा भएको हो। समूह चरणको खेलमा समूह 'क' बाट भीमदत्त नगरपालिका विजेता बन्दै सेमीफाइनलमा प्रवेश गरेको छ भने उपविजेता बन्दै बिर्तामोड नगरपालिका सेमीफाइनलमा प्रवेश गरेको छ। यस्तै, समूह 'बी' बाट विजेता बन्दै भद्रपूर नगरपालिका सेमीफाइनलमा प्रवेश गर्दा वेदकोट नगरपालिका उपविजेता बन्दै सेमीफाइनलमा प्रवेश गरेको छ।

प्रतियोगिता अन्तर्गत शनिबार पुरुषतर्फ सेमीफाइनल चरणको खेलहरु सञ्चालन हुनेछ भने महिलातर्फ समूह चरणको ४ खेलहरु सञ्चालन हुनेछ। प्रतियोगिताका लागि नेपाल हक्की संघ केन्द्रीय समितिले प्राविधिक सहयोग गरेको छ। पूरुषतर्फको पहिलो सेमीफाइनलमा भीमदत्त नगरपालिका र वेदकोट नगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा बिर्तामोड नगरपालिका र भद्रपूर नगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ। यस्तै महिलातर्फ लिगको पहिलो खेलमा पोखरा उपमहानगरपालिका हेटौंडा उपमहानगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा हेटौंडा उपमहानगर पालिकाको रातो समूह र मिथिला नगर पालिकाको टिमबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार र उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। तृतीय हुने टिमले १० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ।

गत वर्ष सम्पन्न भएको प्रतियोगितामा ८ वटा टिमको सहभागिता रहेको थियो। गत वर्ष हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सम्पन्न भएको प्रतियोगिताको उपाधि भीमदत्त नगर पालिकाले जितेको थियो।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# एसईईको दोस्रो दिन १३८ जना अनुपस्थित

**समाज संवाददाता**

हेटौँडा : माध्यमिक शिक्षा परीक्षा (एसईई) को दोस्रो दिन शुक्रबार अनिवार्य नेपाली विषयमा एक सय ३८ जना अनुपस्थित भएका छन्। ५ हजार ८ सय ७६ जनाले नेपाली विषयको परीक्षा दिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीले जानकारी दिनुभयो।

साधारणतर्फ छात्र २ हजार ६ सय ७९ र छात्रा २ हजार ८ सय ९१ गरी ५ हजार ४ सय ७१ जनाले परीक्षा दिएका छन् भने ४० छात्र र ३७ छात्रा गरी ७१ जना अनुपस्थित भएका छन्। प्राविधिक धारतर्फ छात्र एक सय ८ र छात्रा एक सय १२ गरी २ सय २० जनाले परीक्षा दिएका छन् भने ४ छात्र र २ छात्रा गरी ६ जनाले परीक्षा नदिएको प्रमुख गिरीले जानकारी दिनुभयो।

यसैगरी ग्रेडवृद्धितर्फ १ सय ९ छात्र ७६ छात्रा गरी १ सय ८५ जनाले परीक्षा दिँदा ४१ छात्र २५ छात्रा गरी ६२ जना परीक्षामा अनुपस्थित भएका छन्। २८ वटा परीक्षा केन्द्रबाट बिहान ८ बजेदेखि ११ बजेसम्म परीक्षा भइरहेको छ। मकवानपुरका एक सय ३९ विद्यालयबाट ७ हजार ४ सय ८१ विद्यार्थीले परीक्षा फारम भरेका थिए।

# मानवसेवा आश्रमका अध्यक्ष अधिकारी पुरस्कृत



*प्रधानमन्त्रीबाट सम्मान ग्रहण गर्नुहुँदै रामजी अधिकारी।*

**समाज संवाददाता**

हेटौंडाः मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारी प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार-२०८१ बाट पुरस्कृत हुनुभएको छ। नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णयअनुसार शुक्रबार ५ लाख रुपैयाँ नगदसहित अधिकारी पुरस्कृत हुनुभएको हो।

प्रधानमन्त्री केपी शर्मा ओलीले अधिकारीलाई नगदसहित पुरस्कृत गर्नुभएको छ। मानवता प्रवर्द्धन महाअभियानमा विशेष योगदान पुऱ्याएको भन्दै अधिकारीलाई पुरस्कृत गरिएको हो।

हार्दिक बधाई



निप्पु सर्राफ



हरिगोपाल सापकोटा

होटल एसोसिएसन बागमती प्रदेश समितिको **छैठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन**बाट यस संघका सल्लाहकार **निप्पु सर्राफ** प्रथम उपाध्यक्ष तथा महासचिव **हरिगोपाल सापकोटा** समिति पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

दिलिश गोविन्द जोशी, अध्यक्ष
एवम् होटल एसोसिएसन मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

# Eleven Minutes by Paulo Coelho



✍Pramita Karki

The book Eleven Minutes by Paulo Coelho begins with the statement Once upon a time, there was a prostitute called Maria. This novel is basically a thought-provoking work that explores the abstruse relationship between love, desire, and autognosis. This tale deals with the girl named Maria, a young Brazilian girl who moves to Switzerland carrying the dream of having a better life; however, she gets into the vile profession and ends up working as a sex worker. From her experiences, she navigates the fine line between sensual pleasure and intimacy, ultimately searching for true love and materialistic happiness in life.

**Theme and analysis**

One of the novel's main themes is the exploration of sexuality as both a physical and spiritual experience. Coelho dares predominant notions of love and desires, suggesting that intimacy can exceed the physical realm when it is implanted in an unfeigned human connection. The title "Eleven Minutes" itself alludes to the average duration of sexual intercourse, emphasizing the significant emotional and psychological consequences of something short. Maria's journey is all about exploration and sanction. Instead of being submissive to her circumstances, she vigorously searches for her own desires and emotions. Coelho's writing, infused with philosophical reflection, often feels like a guide in understanding love beyond its societal constructs.

My views on "Eleven Minutes"

I literally read this book twice because I really liked it. This is another popular novel by the well-known author Paulo Coelho, who has authored numerous others. Personally, I think this book is fantastic. According to the novel, Maria enters a filthy career in search of love and financial success. This novel is engaging to read because of its appealing plot and Coelho's characteristically introspective and rhythmic writing style. It is intended mostly for older readers. By offering negative perspectives on pleasure, love, and self-worth, it challenges readers' prejudices. Parallel to this, Maria's development from a young, naive idealist to a self-aware lady is a powerful example of character development.

Take away from "Eleven Minutes"

Overall the book, "Eleven Minutes" is a daring and perceptive work that explores the nature of human relationships and exploration in depth, going beyond the traditional love tales. Its philosophical tone may turn off some readers, but for those who are interested in themes of love, passion, desire, and personal development, it's a worthwhile read. It's a lovely story.

# मेरी आमा



✍स्वस्तिका हुमागाई

मेरो नाम स्वस्तिका हुमागाई हो । म कक्षा ४ मा पढ्छु । म सात वर्षकी भएँ । मेरी आमाको नाम रमिला गौतम हो । उहाँ ३१ वर्षकी हुनुभयो । उहाँ एक शिक्षक हुनुहुन्छ । उहाँको कपाल लामो र अनुहार हँसिलो छ । उहाँ परिश्रमी हुनुहुन्छ ।

मेरी आमा बिहान सबेरै उठ्नुहुन्छ । आमा मलाई धेरै माया गर्नुहुन्छ । उहाँ विहान र बेलुका मेरा लागि मीठो खाना बनाउनु हुन्छ । दिउँसोका लागि मिठो खाजा बनाउनु हुन्छ । बिदाको समयमा आमाले मलाई घुमाउन लैजानुहुन्छ । आमा मलाई प्रेरणा दिन कथा सुनाउनु हुन्छ । उहाँ मलाई सामाजिक बन्ने प्रेरणा दिनुहुन्छ ।

बिहान भान्छाको काम सकिएपछि बुबासँगै खेतमा काम गर्न जानुहुन्छ । बेलुका घर आएपछि आमा घरधन्दामा लाग्नु हुन्छ । मेरी आमाले घरमा सबैभन्दा बढी काम गर्नुहुन्छ । बेलुका मैले गृहकार्य सकेपछि मात्र उहाँ सुत्नुहुन्छ ।

*कक्षा-४, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

# यदि म प्रधानमन्त्री भएँ भने...



✍स्नेहा रिमाल

प्रधानमन्त्री, यो शब्दनै यति वजनदार छ जसले देश हाँक्ने, देशलाई सम्वृद्ध बनाउने, देशलाई विश्वसामु चिनाउने काम गर्छ । आफ्नो देशको सम्पूर्ण प्रशासनहरुलाई नियन्त्रण र नियमन गर्छ । आफ्नो देशको गौरवलाई बचाउन कसैको सामू शिर नझुकाउने देश र जनताको सधैं भलो चिताउने व्यक्ति हो प्रधानमन्त्री । देशप्रेम, पारदर्शिता, र जनउत्तरदायी नेतृत्व नै देशको समृद्धिको मूल मन्त्र हो र प्रधानमन्त्रीको कर्तव्य पनि यहि नै हो।तर विडम्वना अहिलेका हाम्रा प्रधानमन्त्रीहरु आफ्नो कुर्सी बचाउन को प्रधानमन्त्री बनेर कसले कसलाई खसाल्ने, फेर्ने भन्ने कुरा मै व्यस्त छन् ।

नेपालमा प्रधानमन्त्री बन्नु भनेको सगरमाथा चढ्ने जत्तिकै कठिन छ, तर चढिसकेपछि दृश्यमात्र होइन, अवसरहरू पनि गज्जबका आउँछन् । इतिहास हेर्ने हो भने, धेरै प्रधानमन्त्रीहरू चुनावअघि जनताको सेवक बनेका छन्, अनि सत्तामा पुगेपछि राजा महाराजाको जस्तै जीवन बिताएका छन् । म पनि एउटा असल र आफ्नो देशलाई माया गर्ने नेपाली नागरिक भएको कारणले गर्दा यदि म प्रधानमन्त्री भए भनें, म भाषणले होइन, वास्तविक कर्मले देश परिवर्तन गर्ने थिएँ । अवश्य मेरो प्राथमिक लक्ष्य देशलाई स्वर्ग बनाउने नै हुने थियो । हाम्रो देशमा भाषण नै ठूलो कुरा हो । नेताहरू यति मिठो बोल्छन् कि लाग्छ, उनीहरू बोलेको एकै रातमा नेपाल स्वर्ग बन्छ । उनीहरू विकासको महल सपनामै बनाएर जनतालाई धेरै खुशी दिन्छन् ताकी वास्तविकतामा के भइरहेको छ त्यो कुरा कसैलाई पत्तो नहोस् । यदि म प्रधानमन्त्री भएँ भने भाषण दिनुअघि १० वटा काम गर्ने थिएँ । म हरेक दिन टेलिभिजनमा देखिन्थें, तर भाषण दिन होइन-काम गर्न । जनताले मेरो काम देखेर विश्वास गर्ने अवस्था सिर्जना गर्ने थिएँ । जनताले सोध्लान्, "प्रधानमन्त्रीज्यू तपाईले विकासको कुरा गर्नुभएको थियो नी ?" मैले अत्तर दिने थिएँ, 'हजुर, कुरा कम, काम बढी ।'

नेपालमा भ्रष्ट्राचार यस्तो संस्कार बनेको छ कि घुस नखाने कर्मचारीलाई नै 'बेवकुफ' भन्ने चलन छ । भ्रष्ट्राचार देशको पुरानो संस्कृति नै भइसक्यो जस्को संरक्षण गर्न सबैजना लागी परेका छन् । यदि म प्रधानमन्त्री भएँ भने, भ्रष्ट्राचार गर्ने जोसुकैलाई कानून भन्दा बाहिर नराख्ने थिएँ । ठूला होस् वा साना सबैलाई समान कारबाहीको दायरामा ल्याउने थिएँ । मैले 'भ्रष्ट्राचारमुक्त नेपाल' अभियान सुरु गर्ने थिएँ । भ्रष्ट्राचार गर्नेहरुको सम्पत्ती नै जफत गरेर जनता सामु राख्ने थिए । यसो गर्दा, भ्रष्ट्राचार गर्नेहरू आफै लज्जित हुन्थे । इ-गभर्नेन्स प्रणाली लागू गरेर सरकारी सेवा प्रणालीलाई प्रभावकारी बनाउने थिएँ । जनताको मनमा प्रश्न आउला भ्रष्ट्राचार अन्त्य साँचै सम्भव होला त ? मेरो उत्तर हुने थियो, हामी जनताको साथमा छौं भने असम्भव केही छैन ।

आज लाखौं नेपालीहरू विदेशमा पसिना बगाइरहेका छन् । देशमा अवसरहरु छैन भनेर विदेशिनु भनेको आफ्नै घर छोडेर अरुको घरमा बास खोज्न जानु जस्तै नै हो । 'विदेश जाऊ र रेमिट्यान्स पठाऊ' भन्ने नारा को सुरुवात गरिएको जस्तो छ । यदि म प्रधानमन्त्री भएँ भने, नेपालमै रोजगारी सिर्जना गर्ने थिएँ । कृषि, पर्यटन, उद्योग र प्रविधिमा लगानी बढाएर, युवाहरुलाई नेपालमै कमाउन योग्य बनाउने थिएँ ।

जनताले सोध्लान्, 'प्रधानमन्त्रीज्यू, नेपालमै रोजगारी सम्भव छ ?'

मैले भन्दिन्थें, 'हामीले आँट गरे, नेपालमै सुन फल्छ !'

नेपालमा स्वास्थ्य र शिक्षा जति महङ्गो छ त्यति नै कमजोर छ । विपन्न वर्गले राम्रो शिक्षा पाउन गाह्रो परेको देख्न सकिन्छ । बिरामी परे उपचार गर्न पनि कठिन छ । यदि म प्रधानमन्त्री भएँ भने, शिक्षा र स्वास्थ्य गरिब तथा दुर्गम क्षेत्रका नागरिकलाई निःशुल्क बनाउने थिएँ । गुणस्तरीय शिक्षा सबैका लागि उपलब्ध गराउन निःशुल्क तथा व्यवहारिक शिक्षा प्रणाली लागू गर्ने थिएँ ।

सरकारी विद्यालय र अस्पतालमा आधुनिकीकरण ल्याएर यस्को स्तर र व्यवस्थापन माथि उकास्ने थिएँ । जसका कारण सम्पन्न वर्गका मानिसहरूले पनि सरकारी सुविधा उपयोग गर्दा गर्व मानुन् । कोही पनि उपचार गर्न विदेशिनु नपरोस् । सरकारी सेवानै उत्कृष्ट भयो भने निजीले आफ्नो बाटो आफै फेर्न थाल्छन् ।

नेपालमा पुल, सडक र रेलको चर्चा धेरै हुन्छ तर काम कत्ति पनि भएको देखिँदैन । कति त उद्घाटन भएको पुल नै हराइसकेको हुँदा यदि म प्रधानमन्त्री भएँ भने पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने थिएँ । ठूला-ठूला उद्घाटन भन्दा साना तर आवश्यक विकास गर्ने थिएँ । प्रत्येक गाउँमा बिजुली र खानेपानीको सुनिश्चितता गर्ने थिएँ । जनताले सोध्लान् 'प्रधानमन्त्री ज्यू, मेगा प्रोजेक्ट कहिले आउँछ ?' मैले भन्दिन्थें, 'पहिला आधारभूत सुविधा पुरा गरौं, त्यसपछि ठूला सपना देख्न थालौं, 'समानता, समावेशिता र न्याय समाजका महत्वपूर्ण तत्व हुन् । जातीय लैंगिक तथा आर्थिक भेद्भाव हटाएर सबै नागरिकलाई समान अवसर उपलब्ध गराउने थिएँ ।

यदि म प्रधानमन्त्री भएँ भने, न भाषणले, न लोभले,.न झुटको राजनीति गरेर देश चलाउने थिएँ । मेरो राजनीति कर्ममा आधारित हुन्थ्यो । नेपाललाई समृद्ध, भ्रष्ट्राचारमुक्त र आत्मनिर्भर राष्ट्र बनाउनेतर्फ समर्पित हुने थिएँ । सपना देखाउनु मात्र होइन, पुरा गर्ने नेतृत्व चाहिन्छ । देशलाई बचाउने कि बेच्ने, त्यो हाम्रो सोचमा निर्भर गर्छ । तर जनता सचेत भए, सही नेता चुने नेपाललाई विकासशील होइन, विकसित बनाउने सपना साकार हुन सक्छ ।

अब तपाई सोच्नुस्, 'मलाई प्रधानमन्त्री बनाउने कि नबनाउने ?'

*कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# वनभोज समीक्षा



✍अनुसन्स श्रेष्ठ

मिति २०८१ फाल्गुन १६ गतेको दिनमा नवोदय शिशु सदन कक्षा ३ पिटर प्यानबाट वनभोजका लागि हामी सबै साथी, अभिभावक र शिक्षकहरूको वनस्पति पार्क जाने लाइन तयार भयो । एकछिन पछि बस आयो र हामीहरू बसमा लाइन बनाएर चढ्यौं । हाम्रा अभिभावक, शिक्षक र गार्ड दाइहरूले हाम्रा लागि वनभोजमा चाहिने सामानहरू बसमा राख्नका लागि सहयोग गर्नुभयो । त्यसपछि हामीहरू वनभोज खाने ठाउँतर्फ अगाडि बढ्यौं ।

हामी वनभोज जान लागेको बाटोहरूमा विभिन्न ठाउँ आउँदो रहेछ । सबैभन्दा पहिले वन विज्ञान अध्ययन संस्थान त्यसपछि कर्रा पुल, गुम्बाडाँडा, सिमेन्ट कारखाना फेरि अर्को सानो कुखेनी खोला हुँदै वनस्पति चोक आयो र त्यहाँबाट हामी दायाँतिर गयौं । त्यसपछि हामी वनस्पति पार्क पुग्यौं र हाम्रो अनुपमा गुरुआमा टिकट लिनका लागि भित्र जानुभयो । टिकट लिएपछि ड्राइभर दाइले बस गेट भित्र लैजानु भयो ।

बस रोकिएपछि सबैभन्दा पहिले अभिभावक र शिक्षकहरू बसबाट ओर्लनुभयो । अनि वनभोजका लागि आवश्यक सामानहरू ओराल्नुभयो । त्यसपछि पालैपालो हामी सबैजना ओर्लियौं र वनभोज खाने ठाउँ अलि पर भएकोले सबैजना मिलेर लाइनमा सामानहरू बोकेर वनभोज खाने स्थानतिर गयौं । हामीले पनि आ-आफ्नो खानेकुरा बोकेर बस्यौं र अरू सामानहरू अभिभावक र शिक्षकहरूले बोकेर वनभोज खाने ठाउँतिर लाग्नुभयो ।


यसैक्रममा कोही अभिभावकहरू भिडियो बनाउँदै हुनुहुन्थ्यो । एकछिनको हिँडाइपछि हामी वनभोज खाने ठाउँ पुग्यौं । त्यसपछि हामी केटीहरू एकापट्टी र केटाहरू अर्को पट्टी बस्यौं । गुरूआमा, अभिभावक तथा हामी सबैले ल्याएको खाना गुरुआमा र अभिभावकले एउटै भाँडामा मिलाउनु भयो र हामी पनि खाना खान हात धोई तयार भयौं । त्यसपछि हाम्रो अभिभावकहरूले हामीहरूलाई खाना दिनु भयो ।

हामी सबैले सन्तुष्ट हुने गरी खाना खायौं । खाना खाएपछि सबैजनाले एकैछिन नाचेर रमाइलो गर्‍यौं । रमाइलो गरेपछि अनुपमा गुरुआमाले हामीलाई खेल खेलाउनु भयो र खेल सकिएपछि पार्क घुम्नका लागि हामी पार्कतिर प्रस्थान गर्‍यौं । पार्कमा सबैजना बसी फोटो खिच्यौं, भिडियोहरू बनायौं र त्यहाँबाट फर्किएर वनभोज खाने ठाउँमै आयौं ।

हामीले मिग्माको जन्मदिनको केक पनि काट्यौं र सबैले केक खायौं । त्यसपछि केकसँगै दही पनि खायौं र फेरि एकछिन नाँचगान गर्दै रमाइलो गर्‍यौं। अन्त्यमा सबैजना मिलेर सामान प्याकिङ गरी बस भएको ठाउँमा आयौं र बसमा चढेर विद्यालय तर्फ फर्कियौं ।


*कक्षा-३, नवोदय शिशु सदन, हेटौंडा-४*

# चित्रकला





दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४









स्वप्निल गिरी
कक्षा-३, नवोदय शिशु सदन, हेटौंडा-४

# निसमालोचना



रमेश प्रभात

मुना दिदी, तपाईंले महाकाश महाकाव्यमा के भन्न खोज्नुभएको हो ?

आदरणीय मुना दिदी,

यो भाइको नमस्कार ।

यहाँ मेरो प्रदेश राजधानी हेटौँडामा बस्नु हुँदो रहेछ। म पनि बागमती प्रदेशको बासिन्दा हुँ, त्यसैले म बेलाबेलामा जान्छु त्यहाँ । यसरी पटक पटक जाने ठाउँ भएर पनि तपाईंको र मेरो प्रत्यक्ष भेटेको छैन रहेछ। त्यसैले तपाईं मलाई चिन्नुहुन्न भन्ने लाग्छ । म एउटा पाठक हुँ, र हुँ साहित्यलाई माया गर्ने व्यक्ति पनि। एउटा पाठकले लेखकलाई चिन्ने भनेको त उसको व्यक्तित्वभन्दा पनि उसका कृतिलाई हेरेर हो। मैले पनि हालसालै यहाँको महाकाव्य 'महाकाश' सर्सर्ती पढेँ। त्यसपछि यो पत्र लेख्ने धृष्टता गरेको हुँ। गल्ती भएको भए माफ पाऊँ ल !

तपाईंको हेटौँडामा किताबघर भएजस्तै मेरो नारायणगढमा सम्पूर्ण किताब छ, तर त्यहाँ तपाईंको महाकाव्य आएको रहेनछ । मेरा आदरणीय गुरु केदारनाथ खनालको निवासमा जाँदा टेबुलमाथि यहाँको महाकाव्य देखेँ। आवरण रहेको जूनको तस्बिरले निकै तान्यो। गुरुसँग पढ्न भनेर त्यो किताब ल्याएँ। किताब मन पर्‍यो।

अनि नि दिदी,

त्यसो त म अलिक अल्छी खालको पाठक हुँ। मलाई कविता मन पर्छ, तर महाकाव्य एकदमै कम पढ्छु। केही दिन अघि भएको एउटा भेटमा महाकाव्यकार तथा अन्वेषक चन्दप्रसाद न्यौपानेले नेपालीमा पाँच सयभन्दा बढी महाकाव्य छापिइसकेको चर्चा गरेका थिए । मेरो हकमा भन्ने भने त्यस्तै ५०-६० जतिचाहिँ पढेको छु कि ? त्यही लहरमा यहाँको महाकाव्य पनि थपियो । पढ्दा ठिकै लाग्यो । म भौतिकवादी भएर पनि होला विषयले त्यति तानेन त म के गरुँ ?

यहाँको बारेमा पत्रपत्रिकामा बेलाबेलामा पढेको हो। यहाँ एकान्त साधना गरिरहनुभएको रहेछ । खुसी लाग्यो । खासमा हल्लामा रमाउनेले सिर्जना राम्रो गर्न सक्दैन भन्ने ठान्छु म। तर पनि मान्छे सामाजिक प्राणी भएकाले समय समयमा मानिसहरुको जमातमा जानै पर्ने रहेछ। यहाँ आँचलसँग जोडिनुभएको रहेछ । त्यो पनि साहित्यका माध्यमबाट समाजसँग जोडिने कुरा नै हो । नेपाली लेखक संघ, मातृभूमि साहित्य समाजसँग पनि जोडिनुभएको कुरा कृतिका पछाडि राखिएको व्यक्तिवृत्तबाट थाहा लाग्यो । तर पनि हाम्रो जम्काभेटचाहिँ भएको रहेनछ । अब हेटौँडा आउँदा पक्का भेट्छु म ।

मुना दिदी,

यहाँले महाकाव्यका नायक ओशो र जनीशप्रति समर्पण गर्दै यस्तो लेख्नुभएको रहेछ :

*परम चेतना नित्य नूतन*
*विनय भावले गर्छु सिञ्चन*
*अधिक प्यारका छल छल्छल*
*हृदय सिन्धुमा बग्छ कल्कल । (अर्याल, पृ.३)*

हो, यसरी लेखक नायकप्रति विनीत हुनु राम्रो कुरा हो । जे लेखिन्छ, तन्मय भएर लेख्नुपर्छ भन्ने ठान्छु म पनि । आफूलाई लागेको कुरा नै हो लेख्ने भनेको। अनि पाठकले पनि आफूलाई मन पर्ने कुरा नै हो पढ्ने भनेको । यहाँ त ओशो सन्यासी नै हुनुहुँदो रहेछ। ठिक छ, आफूले मानेको व्यक्तिका बारेमा यति विशद ग्रन्थ तयार पार्नु निकै राम्रो काम हो ।

मलाई पनि ओशोका क्यासेटहरु सुन्न निकै मन पर्छ, तर पनि म उनको अनुयायीचाहिँ होइन। मैले सुरुमै भनिसकेँ म भौतिकवादी विचार बोक्ने मान्छे । मलाई आध्यात्मिक कुरामा कत्ति पनि विश्वास छैन । ओशोका वाणीलाई आध्यात्मिक कोणबाट भन्दा पनि दार्शनिक र व्यवहारिक कोणबाट हेर्छु म। उनको सबै धर्मगुरुप्रति राखिने समभाव मलाई मन पर्छ। म ठान्छु उनी दार्शनिकभन्दा पनि विभिन्न विचारलाई संश्लेषण गरेर प्रवचन दिने प्रवचनकर्ता हुन् । जे होस् उनको प्रस्तुति आकर्षक छ। यही भए पनि मैले तपाईंको महाकाव्य पढेको हुँ।

साँच्चै दिदी,

पढ्नु भनेको पनि त आफूलाई ध्यानकै अवस्थामा पुर्‍याउनु त हो। फेरि भन्नुहोला, तिमी भौतिकवादी मान्छेले पनि ध्यानको कुरा किन गरेको ? मेरो विचारमा ध्यान भनेको धार्मिक कुरा हुँदै होइन, यो त मनसँग जोडिने कुरा पो हो त। अनि मनको कुरा सिधै कसरी धार्मिक भयो। धर्मले त मनलाई विषय वासनाको स्रोत मान्छ, होइन र ?

यहाँले आफ्नो महाकाव्य मङ्गलाचरणबाट सुरु गरेर गुरु वन्दना, जन्म, बाल्यकाल, प्रेमालाप, तीर्थ भ्रमण, प्रेम वियोग, बुद्धत्व प्राप्ति, रजनीश आचार्य, अमेरिका प्रस्थान, अमेरिकाबाट निर्गमन, पुना आश्रम फिर्ता, ओशो मेडिटेसन रिसोर्ट पुना, आश्रममा अद्भुत गतिविधि, महापरिनिर्वाण हुँदै महापरिनिर्वाण पश्चात्मा पुर्‍याएर टुङ्ग्याउनु भएको छ। यसरी नायक रजनीशका समग्र जीवनी उतारिएकाले यो महाकाव्य नायककेन्द्री महाकाव्य बनेको छ। यसमा भारतदेखि लिएर अमेरिकासम्मको स्थानको वर्णन गरिएकाले पनि बहुदेशीय बनेको छ।

महाकाव्यकार दिदी,

म यहाँ कृतिभित्र सीताराम अधिकारीले लेखेको 'महाकाशमाथि एक दृष्टि' शीर्षकको भूमिकामा जस्तो महाकाव्यका तत्वका आधारमा विश्लेषण गर्ने पक्षमा छैन । उनले उक्त भूमिकामा सिद्धान्त र विश्लेषण गरिहालेका छन्। यो छोटो चिठीमा मलाई लागेका केही पाठकीय टिप्पणी मात्र उठाउँछु। यहाँको छन्दमा निकै राम्रो प्रवाह रहेछ । यहाँले ६ अक्षर हुने सोमराजी छन्ददेखि लिएर २१ अक्षर हुने स्रग्धरा छन्दसम्मको सुन्दर प्रयोग गर्नुभएको छ । आफ्नो १६ सर्गको महाकाव्यमा २० वटा शास्त्रीय छन्दको सुन्दर प्रयोग गर्नुभएको छ। यसका लागि दिदीलाई हार्दिक बधाई छ ।

मलाई यहाँले दोस्रो सर्गमा राखिएको 'गुरु वन्दना' शीर्षकलाई पुष्टि गर्नका लागि वसन्ततिलका छन्दमा लेख्नुभएको यो श्लोकले निकै तान्यो :

*सुन्दै गइन् सुखद्का अनमोल बोली*
*झारेर आँसु दृगका वह त्यो पखाली*
*मागिन् बिदा ऋषिसँगै मन शान्त पारी*
*पर्खिन् धरा शुभ घडी मृदु आश पाली*
*(अर्याल, पृ. ५५)*

र अन्त्यमा,

मुना दिदी, यहाँले मसँग दिदी भनेर सम्बोधन गर्नुको कारण सोध्न मन लाग्यो होला होइन त ? म चितवनबासी, यहाँ मकवानपुरबासी । कसरी दिदी भाइ ? चितवन बसाइँसराइले बनेको जिल्ला हो । म तनहुँमा जन्मेर चितवन झारिएको हुँ। मेरो मावली गोरखा हो। मैले यहाँको व्यक्तिवृत्त हेर्दा यहाँ पनि गोरखामा जन्मिनु भएको रहेछ । अनि भएन त दिदी भाइ ?

चिठी टुङ्ग्याउनुअघि यहाँको लेखनीलाई सलाम । लेखनचाहिँ नछोड्नुहोला । नयाँ नयाँ कृति पढ्न पाइयोस्। यहाँको महाकाश महाकाव्यले सिङ्गो आकाश ढाक्न सकोस्। यो नारी दिवसको शुभकामना । भवतु सब्ब मङ्गलम्।

तपाईंलाई माया गर्ने भाइ

*भरतपुर, चितवन*

# मेरो घर



रेयान चौहान

मेरो घर सानो छ ।
खुसीले भरिएको छ ।
आमा बाबा हुनुहुन्छ ।
माया धेरै दिनुहुन्छ ।
झ्याल ढोका खुल्छन् हावा
बगैंचामा फुल्छन फूल ।
मेरो घर प्यारो लाग्छ ।
सबैभन्दा राम्रो लाग्छ ।
सबैभन्दा रामो लाग्छ ।

*कक्षा-१, कमाने एकेडेमी*
*हेटौंडा-८*

# जब-जब याद आउँछ



सरोजप्रसाद साह

किन सम्झनामा आउँछ ?
किन त्यो मलाई रूवाउँछ ?
किन यो आँखा रसाउँछ ?



जब-जब याद आउँछ
प्रेम त म, चोखो गर्थे
सँगै जिउने बाचा गर्थे
जब-जब बादल झर्ने गर्थे

तब सँगै गाउने गर्थे
किन, सम्झनामा आउँछ ?
किन, यो आँखा रसाउँछ ?
किन, हाँस्दा-हाँस्दै रूवाउँछ

जब-जब याद आउँछ
गर्मीमा, त्यो सन्ध्याको पल
चिसोमा, त्यो न्यानो पल
घाममा, त्यो छायाको पल

रातमा, त्यो न्यानो सल
किन, त्यो जिउँदै जलाउँछ

जब-जब याद आउँछ
किन, सम्झनामा आउँछ ?
किन, जिउँदै लास बनाउँछ ?
जब-जब याद आउँछ ।

## गाउँखाने कथा

१. खानेलाई मिठो हुने नखानेलाई डुङ्ग गनाउने ।
- चुरोट

२. खुट्टा छ हिँड्दैन, आँखा छ देख्दैन, कान पनि छ सुन्दैन, मान्छे हो बोल्दैन ।
- फोटो

३. खोई–खोई भाइ म अघि जान्छु ।
- लौरो

४. खेतको चरी ट्वाई–ट्वाई गर्छिन्, पानी नपाएर ठहरै मर्छिन् के हो ।
- भ्यागुतो

५. खेतबारी खनीदिन्छन् चाहिँदैन ज्याला, तर पनि लखेट्छन् हाय कठैबरा ।
- मुसा

# बाबा



एन्जल पोखेल

पखेरामा बित्यो बाबा, तिम्रो जिन्दगानी
सन्तानलाई राम्रो बाटो देखाउँछु भनी

कति गयौ भोकै पेट काम गर्न पनि
रातमा फर्की चिसो भुईमा सुत्नु भयो अनी

छोराछोरी भन्दा भन्दै परदेश
परदेशमै बसी फुल्यो तिम्रो केश ।

वर्ष दिनमा एकै महिना आउनु हुन्थ्यो घर
त्यही भएर हामी पनि भयौ पर पर ।

धन कमाउनु भन्दा भन्दै बस्नु पर्‍यो एक्लै
एक्ला एक्लौ बस्दा फेरी जिन्दगानी बेग्लै ।

यसैगरी बित्यो बाबा दुई दिनको चोला
बाबा अब हाम्रो भेट होला कि नहोला ।

*कक्षा-६, बालज्योति मावि, हेटौंडा-५*

# देशको सपना पूरा गर्न उनी आइन् ?



प्रजिता बर्तौला

देखेका सपना सबै पूरा हुने भए,
इन्द्रेणीमा किन केवल सात रङ अटाए ?
देखेका सपना सबै पुरा हुने भए,
जुनकिरीको पुछारमा किन एउटा मात्र बत्ती बल्यो ?

मेरो सपना पूरा गर्न आइन् उनी
र उनी थिइन्, मेरी आमा ।
आमा स्नेहकी खानी हुन् ।
उनी महलमा र झुपडीमा, जँहा बसे पनि रानी हुन् ।

उनी खडेरीमा पानी हुन् ।
कसैले व्यक्त गर्न नसक्ने काहनी हुन् ।
उनी आफु काँडा राखी मलाई फुल दिन्छिन् ।
मेरा निम्ती सारा संसार भुल्दिन्छिन् ।

*कक्षा-७, रेडरोज इंग्लिस बोर्डिङ स्कुल, हेटौंडा-१६*

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी

सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: आवेग र रिसरागमा नियन्त्रण राख्दा राम्रो रहन्छ । अरुको गल्तीले आफूले सजाय भोग्नुपर्ने समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । प्रशासनिक कार्यमा सतर्कता अपनाउनु पर्ला । स्वास्थ्यस्थिति प्रति सचेत रहँदा राम्रो रहन्छ । परोपकारका क्षेत्रमा अवरोध रहने समय छ । विचार र आचरलाई नियन्त्रण गर्दा राम्रो ।

**वृक्ष राशि**: साथ सहयोगले काममा सफलता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहने छ । यात्रा र काम छाड्नु पर्ने समय योग छ । कामको चाप बढेपनि मनमा संतोष प्राप्त होला । गैरलाभकारी कामतर्फ मन आकर्षण बढ्ला । दाम्पत्यजीवनमा सुख बढ्ने छ । एकान्तमा बस्न मन लाग्ने छ । कला र गलाले स्थान पाउला । पढाइ–लेखाइ ठिकै रहला ।

**मिथुन राशि**: ताकेको काम सम्पन्न हुनेछ । सानातिना विवादको बेवास्ता गर्दै अघि बढ्नु पर्ला । शत्रु र प्रतिद्वन्द्वीसँग सर्तक रहँदा राम्रो रहन्छ । रिस र घमण्ड बढ्नाले पनि अप्ठ्यारो आइपर्ला । व्यापार–व्यवसाय ठिकै रहला । वैदेशिक योग ठिकै रहला । परोपकार र धार्मिक काममा समय बित्ला । पढाइ ठिकै छ ।

**कर्कट राशि**: शिक्षा दीक्षाका क्षेत्रबाट स्याबासी पाइएला । ज्ञानगुण,अध्यात्म र दार्शनिक विषयमा आकर्षण बढ्ला । बौद्धिक र लेखनकार्यमा सफलता मिल्नेछ । व्यापार–व्यवसाय ठिकै रहला । इर्ष्या गर्नेहरु पराजित होलान् । अध्ययन–अध्यापन ठिकै रहला । जीवनसाथी र पारिवारीक चिन्ता बढ्ला । काममा प्रयास गर्दा राम्रो ।

**सिंह राशि**: मानसिक अस्थिरता बढ्ने छ । काममा ढिलासुस्ती हुनसक्छ । सानो कमीकमजोरीले नोक्सानी होला । व्यापार–व्यवसाय ठिकै रहने समय योग छ । पुराना कामहरु पुनः आइपर्न सक्छन् । शक्ति र समय सदुपयोग गर्नुपर्ने छ । आर्शीवादले काममा सफलता होला । अध्यात्म दार्शनिक कामबाट लाभ होला ।

**कन्या राशि**: मीठो भोजन प्राप्त हुने समय छ । व्यक्तित्व विकासमा लाग्नु पर्ला । व्यवसायीका लागि ठिकै समय छ । सेवामूलक काममा समय व्यतित होला । सामाजिक काम वा साथीसंगीसँग समय बित्ला । धार्मिक यात्रा योग रहने समय छ । वैदेशिक प्रयोजनका काममा मन जाला । पढाइ–लेखाइ ठिकै रहने समय योग छ ।

**तुला राशि**: बोलीमा पूर्ण प्रभाव रहने समय छ । तर्कवितर्क र बहसमा बिजय प्राप्त होला । धार्मिक/सामाजिक कामको दायित्व थपिने छ । मिठो र स्वादिलो भोजन प्राप्त होला । बन्दव्यापार समय दिए अनुरुप ठिकै छ । निर्णय लिन सक्ने क्षमताको कमी होला । वैदेशिक प्रयोजनका कामहरु मध्यमकारक छन् ।

**वृश्चिक राशि**: ज्ञान प्राप्त गर्ने वा बिगतको ज्ञान अनुभवको प्रयोग गर्ने समय छ । धन र प्रतिष्ठाका लागि चालेका हरेक प्रयासहरु सफल हुनेछन् । व्यापार–व्यवसाय मध्यमकारक नै छ । रोकिएका कामहरु बन्ने समय योग छ । मन प्रेरित बन्ला । जीवनसाथीलाई प्रसन्न बनाउन प्राप्त होला । मनमा भने उदासीनता छाउला । धार्मिक कृत्यमा सरिक भइने छ । अध्यात्मतर्फ मन आकर्षण बढ्ला ।

**धनु राशि**: एकाग्रतामा कमी हुने भएकोले कुनै एउटा विषयमा मात्र ध्यान केन्द्रित गर्न सकिँदैन । हेर्दा बाहिरबाट सामान्य झैं देखिन्छ तर विद्याप्राप्तिमा भने अवरोध छ । व्यापार–व्यवसाय मध्यमकारक छ । प्रतिस्पर्धामा जानुपर्ने समय छ । कार्यक्षेत्र वा प्रशासनिक कामकाजमा महत्वकांक्षा राख्नु हुँदैन । पढाइ–लेखाइ ठिकै छ ।

**मकर राशि**: धनसँग सम्बन्धित त्यस्तो समस्याको समाधान हुनेछ । सुस्त जीवनमा उत्साह ल्याउने छ । सकारात्मक प्रतिक्रिया प्राप्त हुने वा मौद्रिक पुरस्कार पाइने समय छ । आत्मबल र सफलताको नेतृत्व गर्ने छ । बौद्धिक सामर्थ्यका आधारमा समान बिचारधारा भएका व्यक्तिहरु आकर्षित बन्नेछन् । आवेगलाई नियन्त्रण गर्दा राम्रो । पढाइ–लेखाइ ठिकै छ ।

**कुम्भ राशि**: नकारात्मक कुराहरु नियन्त्रण गर्दा राम्रो । सर्वत्र विजय प्राप्त हुने समय छ । सहजताका साथमा स्वीकार गर्न जान्नुपर्छ । रोकिएका वा स्थगित भएका कामहरु टुङ्गोमा पुर्‍याउन सकिने छ । बुद्धिकौशल र कार्यक्षमताको सन्तुलन कायम होला । अध्यात्ममा मन जाने छ । उत्साहमा वृद्धि हुने समय योग छ ।

**मीन राशि**: इज्जत र प्रतिष्ठा बढ्ने समय योग छ । धन सम्पत्तिमा पनि वृद्धि हुनेछ । पदोन्नति वा अवसरको खोजी गर्ने समय छ । बोलीमा मिठास र व्यवहारमा नम्रता राख्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय ठिकै रहला । लेखाइ–पढाइ ठिकै रहला । अध्यात्म र दार्शनिक क्षेत्रमा समय व्यतित होला ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

### जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु

# साविक विजेता चेतबहादुर र हरि पहिलो चरणबाटै बाहिरिए

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्ला व्याडमिन्टन संघको आयोजनामा दोस्रो संस्करणको जिल्लास्तरीय व्याडमिन्टन प्रतियोगिता सुरु भएको छ । शुक्रबार हेटौँडा-११ थानाभन्याङस्थित बहुउद्देश्यीय कभर्ड हलमा सुरु भएको खुला तथा भेट्रान्सततर्फको जिल्लास्तरीय व्याडमिन्टन प्रतियोगिताको उद्घाटन हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले गर्नुभयो ।

प्रतियोगिताको उद्घाटन खेलबाटै साविक विजेता २ जना खेलाडी बाहिरिएका छन् । पहिलो संस्करणको जिल्लास्तरीय व्याडमिन्टन प्रतियोगिताको विजेता समेत रहेका चेतबहादुर विश्वकर्मा र हरि तामाङ प्रतियोगिता अन्तर्गत उद्घाटन खेलबाटै बाहिरिएका हुन् । प्रतियोगिता अन्तर्गत आज शनिबारबाट टप १६ का खेलहरु सञ्चालन हुने प्रतियोगिताका संयोजक सुरेन्द्र प्रधानले जानकारी दिनुभएको छ । दोस्रो चरणमा खुलातर्फ ३६ टिम र भेट्रान्सतर्फ १६ टिम दोस्रो चरणमा प्रवेश गरेको संयोजक सुरेन्द्र प्रधानले बताउनुभएको छ ।

हेटौँडा उपमहानगरपालिकाको मुख्य प्रायोजनमा तथा नगर खेलकुद विकास समितिको समन्वयमा सुरु भएको प्रतियोगितामा ६० वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा खुलातर्फ ४१ टिम र भेट्रान्सतर्फ १९ टिमको सहभागिता रहेको छ । प्रतियोगिता आइतबारसम्म सञ्चालन हुनेछ । व्याडमिन्टनमा भेट्रान्सतर्फको प्रतियोगितामा ४५ वर्षभन्दा अधिक उमेर समूहका खेलाडीहरुले सहभागिता रहेको छ । प्रतियोगिता आयोजनाका लागि हेटौँडा उपमहानगर पालिकाले ५ लाख रुपैयाँको बजेट विनियोजन गरेको छ । प्रतियोगिताका लागि हेटौँडा-११ नम्बर वडा कार्यालय, मकवानपुर जिल्ला खेलकुद विकास समिति र हेटौँडा-१० स्थित नारायणी कलेज प्रायोजकको रुपमा रहेको छ । यस्तै, हेटौँडा-५ पिप्लेस्थित रिगल हेटौँडा रिसोर्टले खुल्लातर्फको प्रथम पुरस्कारको सौजन्य गर्नुभएको छ भने भेट्रान्सतर्फको प्रथम पुरस्कार भेट्रान्स खेलाडी धन थापाले प्रायोजन गर्नुभएको छ । यस्तै, व्याडमिन्टन संघका अध्यक्ष विष्णुप्रसाद घिमिरे (ध्रुव) ले ५१ हजार रुपैयाँको नगद सहयोग गर्नुभएको छ ।

खुलातर्फको प्रतियोगिताको उपाधि विजेता टिमले ३५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने भेट्रान्सतर्फको उपाधि विजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । खुलातर्फको उपविजेता टिमले २० हजार रुपैयाँ र भेट्रान्सको उपविजेता टिमले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । तृतीय हुने खुलाको टिमले २ हजार ५ सय रुपैयाँ तथा भेट्रान्सले १ हजार ५ सय रुपैयाँ नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । खुला र भेट्रान्सतर्फको सर्वोकृष्ट खेलाडीले १ हजार रुपैयाँ नगद पुरस्कार र ट्रफी प्राप्त गर्नेछ । गत वर्षभन्दा यस वर्ष पुरस्कारको रकम बढाइएको छ ।

जिल्ला व्याडमिन्टन संघका अध्यक्ष विष्णु घिमिरे (ध्रुव) को सभाध्यक्षमा भएको उद्घाटन कार्यक्रममा हेटौंडा-११ की वडाध्यक्ष जुना दहाल, नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र प्रसाद घिमिरे, सदस्य यज्ञ बहादुर राय (विनोद) लगायतको उपस्थिति रहेको थियो । प्रतियोगिताका लागि ७ लाख ५० हजार रुपैयाँको बजेट खर्च हुने आयोजकको अनुमान रहेको छ । उद्घाटन कार्यक्रममा जिल्ला व्याडमिन्टन संघका सदस्य नरेन्द्र मुक्तानले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# भतेरी जंगलमा दुर्घटना, एकको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, भतेरी जङ्गलमा मोटरसाइकल र स्कुटर एक आपसमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा प्युठान जिल्लाका ३१ वर्षीय सुदिप राना रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बुधबार बिहान ७ बजेको समयमा रामनगरबाट जुगेडीतर्फ जाँदै गरेको बा २५ प ४४०३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा प्र ०३०३ प ५२५७ नम्बरको स्कुटर एक-आपसमा ठोकिँदा मोटरसाइकल अनियन्त्रित भई रामनगरबाट जुगेडी जाँदै गरेको ना ६ ख ४७५१ नम्बरको डिब्बा ट्रकमा ठोकिँदा राना गम्भिर घाइते भएका थिए । घाइते रानालाई उपचारका लागि नयाँ मेडिकल कलेज लगिएकोमा बिहान ८ बजेर १५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । स्कुटर चालक भरतपुर महानगरपालिका-११ का २१ वर्षीय दिपेश मगर र डिब्बा ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# निर्वाचनपछि विद्यार्थीले सफा गरे क्याम्पस परिसर




*क्याम्पस परिसरमा सरसफाई गर्दै विद्यार्थी नेता ।*

समाज संवाददाता

हेटौँडा : चैत ५ गते सम्पन्न स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) निर्वाचनका क्रममा हेटौँडा-४ स्थित हेटौँडा क्याम्पस परिसरमा भएको फोहोर विद्यार्थीहरुले सरसफाई गरेका छन् । चैत ५ गते मंगलबार निर्वाचन कार्यक्रमअन्तर्गत मतदानको कार्यक्रम सकिए लगत्तै अनेरास्ववियुका विद्यार्थी नेता, कार्यकर्ता र विद्यार्थीले क्याम्पस परिसरको सरसफाई गरेका हुन् ।

निर्वाचनका क्रममा उम्मेदवारका पर्चा, निर्वाचनका क्रममा भेला भएकाहरुले गरेका फोहोर सरसफाई गरिएको हो । विभिन्न सभा, समारोहको आयोजना पश्चात फोहोर व्यवस्थापनमा आयोजकको ध्यान नपुग्दा सार्वजनिकरुपमा आलोचना हुने गरेको छ । यस किसिमको आलोचना नहोस् भनी आयोजकहरुले पछिल्लो समय सरसफाईको काममा ध्यान दिन थालेका छन् ।

# कैलाशमा उपाध्यक्ष कप भलिबल चैत १६ बाट

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा तेस्रो संस्करणको उपाध्यक्ष कप भलिबल प्रतियोगिता हुने भएको छ । कैलाश गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा यही चैत १६ गतेदेखि उपाध्यक्ष कप भलिबल प्रतियोगिता हुने भएको हो ।

आयोजक खेलकुद विकास समितिले बुधबार सूचना जारी गर्दै प्रतियोगिताको बारेमा जानकारी गराएको छ । गाउँपालिकाको वडा नम्बर-३ स्थित कालिकाटार खेलमैदानको भलिबल कोर्टमा हुने प्रतियोगिता चैत १८ गतेसम्म सञ्चालन हुनेछ ।

प्रतियोगितामा खेलाडीहरुलाई सहभागी गराउनका लागि दर्ता प्रक्रिया खुला गरिसकेको खेलकुद विकास समितिका संयोजक मोहन वाइबाले जानकारी दिनुभएको छ । प्रतियोगिता सहभागी हुनका लागि खेलाडीहरुले चैत १३ गतेसम्म टिम दर्ता गराइसक्नुपर्ने र चैत १४ गते खेलतालिका सार्वजनिक गरिने उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागिता जनाउनका लागि खेलाडीहरु गाउँपालिकाको हुनुपर्ने उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि आयोजकले खाना र बासको व्यवस्था गर्नेछ । प्रतियोगिता नकआउट प्रणालीमा सञ्चालन हुने उहाँले बताउनुभयो ।

प्रतियोगिताका लागि गाउँपालिकाले ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः ७५ हजार र ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट डिफेन्डर र उदीयमान खेलाडीले ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

गत वर्षको तुलनमा यस वर्ष प्रतियोगितामा पुरस्कार राशि बढाइएको उहाँले बताउनुभयो । उहाँका अनुसार गएको वर्ष प्रथम पुरस्कार ६० हजार रुपैयाँ र द्वितीय पुरस्कार ४० हजार रुपैयाँ थियो । यस वर्ष एक लाख रुपैयाँ बजेट थप गरेकाले पुरस्कार राशि बढाएको उहाँले बताउनुभयो । ९ वटा वडाको सहभागितामा गत वर्ष सम्पन्न भएको दोस्रो संस्करणको भलिबल प्रतियोगिताको उपाधि वडा नम्बर-१ ले जितेको थियो ।

# ग्लोबल मनी विकको अवसरमा हेटौँडामा बैंकरको प्रभातफेरी




*प्रभातफेरीमा सहभागी बैंकरहरु ।*

समाज संवाददाता

हेटौँडा : ग्लोबल मनी विकको अवसरमा हेटौँडामा बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुले संयुक्तरुपमा प्रभातफेरीको आयोजना गरेको छ । विश्वव्यापीरुपमै युवा पुस्तामा वित्तीय साक्षरता अभिवृद्धि गर्दै उनीहरुलाई आगामी जीवनमा आर्थिक रुपमा सक्षम र सवल बनाउने उद्देश्यले ग्लोबल मनी विक मनाउने गरिएको छ ।

सन् २०१२ देखि ग्लोबल मनी विक मनाउन सुरु गरिएको हो । १७ मार्चदेखि २३ मार्चसम्म एक साताको अवधिलाई ग्लोबल मनी विकको रुपमा मनाउने गरिएको छ । हेटौँडामा पहिलो पटक ग्लोबल मनी विकको अवसरमा कार्यक्रम आयोजना गरिएको हो । बैंकर एसोसिएसन मकवानपुरको समन्वयमा प्रभातफेरी कार्यक्रम भएको कृषि विकास बैंक हेटौँडा शाखाका प्रबन्धक तीर्थराज पौडेलले जानकारी दिनुभयो । वित्तीय साक्षरता अभिवृद्धिका लागि प्रभातफेरी गरिएको उहाँको भनाइ छ ।

प्रभातफेरीमा हेटौँडामा मुख्य कार्यालय तथा शाखा कार्यालय भएका अधिकांश बैंक तथा वित्तीय संस्थाका प्रबन्धक तथा कर्मचारी सहभागी थिए । बैंक तथा वित्तीय संस्थाले आआफ्नो व्यानर तथा वित्तीय साक्षरताका लागि सचेतनामूलक सन्देशसहितको प्लेकार्ड लिएर प्रभातफेरी गरिएको थियो । हेटौँडा-४, हुप्रचौरबाट सुरु भएको प्रभातफेरी शितलमहलचोक, पारिजातपथ, कान्तिराजपथ, बुद्धचोक, मेनरोड हुँदै पुनः हुप्रचौरमा पुगेर समापन गरिएको थियो ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ